# सुनवर्षी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या : ४ २०७६ साल माघ २८ गते

## भाग १

## शीप विकासप्रशिक्षण तथा विक्रीकेन्द्र (सञ्चालन तथा व्यवस्थापन)ऐन,२०७५

प्रमाणीकरण:२०७५।०४।०३

**प्रस्तावना :**

सुनवर्षी नगरपालिका क्षेत्र भित्र वस्ने जनतालाई शीपयुक्त, दक्ष, उत्पादनशील र श्रम वजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाई रोजगारीका अवसर सिर्जना गर्दै आम गरिवी न्युनिकरण गर्न र वालश्रमको निराकरण, स्वरोजगारको माध्यमबाट रोजगारी सिर्जना गर्न आवश्यक भएकोले सुनवर्षी नगर सभाले यो ऐन तर्जुमा गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**१) यस ऐनको नाम "शीप विकास प्रशिक्षण तथा विक्रि केन्द्र (सञ्चालन तथाव्यवस्थापन) ऐन, २०७५" रहेकोछ ।
२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:
(क) "सभा" भन्नाले सुनवर्षी नगर सभालाई सम्झनु पर्छ ।
(ख) "कार्यपालिका" भन्नाले सुनवर्षी नगर कार्यपालिकालाई सम्झनुपर्छ ।
(ग) "प्रमुख" भन्नाले सुनवर्षी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।
(घ) "उपप्रमुख"भन्नाले सुनवर्षी नगरपालिकाको उपप्रमुखलाईसम्झनुपर्छ
(ङ) "वडाध्यक्ष"भन्नाले सुनवर्षी नगरपालिकाका वडाध्यक्षलाई सम्झनुपर्छ
(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनवर्षी नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।
(छ) "परिषद" भन्नाले दफा ३ वमोजिम गठित शीप विकास प्रशिक्षण तथा विक्री केन्द्र परिषदलाई सम्झनु पर्छ ।
(ज) "केन्द्र" भन्नाले शीप विकास प्रशिक्षण तथा विक्रि केन्द्र सम्झनु पर्दछ ।
(झ) "सञ्चालक समिति" भन्नाले दफा ४ वमोजिम गठित शीप विकास प्रशिक्षण तथा विक्रि केन्द्र सञ्चालक समिति सम्झनु पर्दछ ।
(ञ) "पदपुर्ति समिति" भन्नाले केन्द्रलाई आवश्यक पर्ने कर्मचारी भर्नाको सिफारिस गर्न अधिकार प्राप्त समिति सम्झनु पर्दछ ।
(ट) "तोकिएको"वा"तोकिएबमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरि तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. **शीप विकास प्रशिक्षण तथा विक्री केन्द्र परिषदको गठन:**१)शीप विकास प्रशिक्षण तथा विक्री केन्द्र परिषदको गठन देहायबमोजिम हुनेछ:-

| | | |
|---|---|---|
| क) | नगर प्रमुख | - अध्यक्ष |
| ख) | नगर उपप्रमुख | - उपाध्यक्ष |
| ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) | सम्पुर्ण वडाध्यक्षहरु | - सदस्य |
| ङ) | कार्यपालिका सदस्यहरु | -सदस्य |
| च) | सभाका सदस्यहरु मध्ये अध्यक्षले तोकेका कम्तिमा २ महिला सहित ५ जना | -सदस्य |

छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा विशेष योगदान पु¥याएका नगरभित्र वसोवास भएका व्यक्तिहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका एक जना -सदस्य

ज) औद्योगिक प्रतिष्ठानसँग सम्वन्धित व्यक्तिहरूमध्ये अध्यक्षबाटमनोनीत एक जना -सदस्य

झ) नगर भित्रका प्राविधिक शिक्षालयका प्राचार्यमध्ये अध्यक्षबाट मनोनित एक जना -सदस्य

ञ) नगरपालिकाका विषयगत शाखा हेर्ने शाखा प्रमुखहरु -सदस्य

ट) केन्द्रका व्यवस्थापक-सदस्य सचिव

२)परिषदका मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । मनोनित सदस्य दुई कार्यकाल भन्दा वढी सदस्य हुन पाउने छैन ।

३)परिषदको बैठक लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **शीप विकास प्रशिक्षण तथा विक्री केन्द्र सञ्चालक समितिको गठनः**१)शीप विकास प्रशिक्षण तथा विक्री केन्द्र सञ्चालक समितिको गठन देहायबमोजिम हुनेछः-

क)नगर प्रमुख -अध्यक्ष

ख) उपप्रमुख -उपाध्यक्ष

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) वडाध्यक्षहरु मध्येवाट अध्यक्षले मनोनित गरेका दुई जना -सदस्य

ङ)कार्यपालिका सदस्यहरुमध्ये अध्यक्षबाट मनोनीत एकजना महिला सहित दुई जना -सदस्य

च)नगरपालिकाका प्रशासकीय अधिकृत -सदस्य

छ)नगरपालिकाको कार्यालयका उद्योग हेर्ने शाखा प्रमुख -सदस्य

ज) केन्द्रका व्यवस्थापक -सदस्य सचिव

२)सञ्चालक समितिका मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्य वढीमा दुई पटक सम्म मनोनित हुन सक्नेछन ।

३)सञ्चालक समितिको बैठक लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **केन्द्र संगठित संस्था हुनेः**१) दफा ४ बमोजिम स्थापित केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

२)केन्द्रको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

३)केन्द्रले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।



४)केन्द्रले व्यक्ति सरह नालिस उजुर गर्न र केन्द्र उपर पनिसोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

६. **समिति, उपसमिति वा कार्य टोली गठन गर्न सक्नेः**१)परिषद तथा सञ्चालक समितिले आफ्नो काम कारवाही सुचारु रूपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार विभिन्न समिति, उप-समिति वा कार्यटोलीहरू गठन गर्न सक्नेछ ।

२) समिति, उप-समिति वा कार्यटोलीहरूको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि त्यस्तो समिति, उप-समिति वा कार्यटोली गठन गर्ने परिषद वा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

७. **आर्थिक स्रोत जुटाउने अधिकारः**१)केन्द्रले आफ्नो काम सुचारु रूपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने रकमको लागि कार्यपालिकाको पूर्व स्वीकृति लिई ऋण लिन,अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

८. **कर्मचारी सम्बन्धी व्यवस्थाः**१)सञ्चालक समितिलेपदपुर्ति समितिको सिफारिसमा केन्द्रको आवश्यकतानुसार कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछ ।

२) पदपुर्ति समिति सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

३)केन्द्रको कर्मचारीको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्थातोकिएबमोजिम हुनेछ ।

९. **केन्द्रको कोषः**१)केन्द्रको एउटा छुट्टै कोष हुनेछ सो कोषमा देहायका रकमहरू रहेछन्:-

क) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त अनुदान,

ख) नगरपालिकाबाट प्राप्त अनुदान,

ग) कार्यपालिकाको स्वीकृतिमा कुनै स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त ऋण, अनुदान वा पुरस्कार वापतको रकम,

घ) केन्द्रको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

ङ) केन्द्रमा उत्पादित सामाग्री विक्रीबाट प्राप्त रकम,

च) केन्द्रलाई प्राप्त अन्य कुनै रकम ।

२)केन्द्रको सबै रकम नेपाल राष्ट्र बैंकबाटकम्तिमा ग वर्गको स्वीकृत प्राप्त वैक तथा वित्तीय संस्थामा केन्द्रको नाममा खाता खोली जम्मा गरिनेछ ।

३)केन्द्रको कोषमा प्राप्त जुनसुकै रकम सोहि आ.व.मा खर्च हुन नसकी वाकी रहेमा फ्रिज हुने छैन । तर केन्द्रलाई कुनै तालिम कार्यक्रमको

लागिसशर्त अनुदान मार्फत प्राप्त रकमबाट तोकिएको कार्यक्रम संचालन गर्न नसकेमा त्यस्तो अनुदान रकम शर्तमा उल्लेख भए बमोजिम फिर्ता गर्नुपर्नेछ ।

४) केन्द्रको तर्फबाट गर्नु पर्ने सम्पूर्ण खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

५) केन्द्रको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१०. **केन्द्रको लेखा र लेखापरीक्षण:**१)केन्द्रको लेखा नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिनेछ ।

२)केन्द्रको लेखापरीक्षण चार्टर्ड एकाउण्टेण्ट संस्था नेपालबाट मान्यता प्राप्त लेखा परीक्षकबाट हुनेछ ।

३)कार्यपालिकाले चाहेमा केन्द्रको हिसाव किताव सम्बन्धी कागजातहरू र अन्यनगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

११. **कार्यपालिकाले निर्देशन दिन सक्ने**: कार्यपालिकाले प्राविधिक तथा व्यावसायिक तालीम रशीपको स्तर निर्धारण एवं प्रमाणीकरणसम्बन्धमा केन्द्रलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१२. **नियमबनाउने अधिकार**: यस ऐनको उद्देश्य पूर्तिका लागि कार्यपालिकाले आवश्यक नियमहरु तर्जुमा गरी लागुगर्न सक्नेछ ।

१३. **कार्यविधितथा विनियम बनाउने अधिकार:**सञ्चालक समितिले आफ्नो कार्य सञ्चालनको लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि तथा विनियम बनाई लागु गर्नसक्नेछ ।सञ्चालक समिति गठन नभएसम्म कार्यपालिकाले आवश्यक कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ ।

१४. **संशोधन तथा खारेजी:**नगर सभाले आवश्यक ठानेमा यो ऐनमा उल्लेखित प्रावधानहरु समयानुकुल संशोधन तथा खारेजी गर्न सक्नेछ । यो ऐनमा लेखिएका कुराहरु संघीय तथा प्रादेशिक कानुनसँग वाझिएमा वाझिएको हकमा स्वत खारेज हुनेछ ।

आज्ञाले,
पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत